कर्णाली प्रदेश सरकारको

बजेट प्रभावकारिता मूल्याङ्कन

आर्थिक वर्ष २०८१/८२ को

त्रैमासिक बजेट समिक्षा

चौँथो त्रैमासिक (वैशाख-असार)

स्थानीय सरकार सबलीकरण
Australian Aid
The Asia Foundation
The Australian Government – The Asia Foundation Partnership in Nepal
ऋति फाउन्डेसन
समृद्ध कर्णालीका लागि

कर्णाली प्रदेश सरकारका

बजेट प्रभावकारिता मुल्याङ्कन

आर्थिक वर्ष २०८१/८२ को

त्रैमासिक बजेट समिक्षा

चौँथो त्रैमासिक (वैशाख-असार)

ऋति फाउन्डेसन

२०८२

प्रकाशकः

ऋति फाउन्डेसन

वीरेन्द्रनगर-०८, सुर्खेत, कर्णाली प्रदेश नेपाल
टेलिफोनः (+९७७)-०८३५२१५६४
ईमेलः info@hriti.org
वेबसाइटः www.hriti.org

आवरण तस्बिर/लेआउट र डिजाइनः रविभक्त श्रेष्ठ

@ऋति फाउन्डेसन
यो प्रकाशन अष्ट्रेलियन सरकार, बैदेशिक मामिला तथा व्यापार विभागको सहयोग तथा द एशिया फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रमको सहयोगमा प्रकाशित गरिएको हो । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरूले अष्ट्रेलियन सरकार वा द एशिया फाउण्डेसनको विचारलाई प्रतिनिधित्व गर्दैनन् ।

विषयसूची

कार्यकारी सारांश	*क*
१. पृष्ठभूमि	**१**
२. बजेट तथा कार्यसम्पादन विश्लेषण	**४**
३. बजेट भर्सेस खर्च विश्लेषण	**९**
३.१ मासिक बजेट खर्चको प्रवृति	१०
३.२ त्रैमासिक बजेट खर्चको अवस्था	१२
३.३ बजेट खर्चको अघिल्ला चार आर्थिक वर्षको तुलना	१४
३.४ बजेट भर्सेस खर्च *(मन्त्रालय/निकाय अनुसार)*	१५
४. प्रतिवद्धता कार्यान्वयन स्कोरकार्ड	**२०**
५. बजेट समिक्षाका तथ्यहरु	**२३**
६. सुझावहरू	**२७**
७. निष्कर्षहरु	**३०**
अनुसूची-१: बजेट स्कोरकार्ड विधि	*३१*

तालिका/चित्र सूची

तालिका सुची **पृष्ठ नं.**

तालिका १: कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटको आय स्रोतको विवरण	७
तालिका २: बजेट विनियोजन र त्रैमासिक खर्च	१२
तालिका ३: चौथो त्रैमासिक र असारमा बजेट कार्यान्वयनको तथ्य	१३
तालिका ४: ठुलो मात्रामा बजेट विनियोजन भएका निकायहरुको पुँजीगत बजेट कार्यान्वयनको अवस्थाः	१८
तालिका ५: बजेट प्रतिवद्धता कार्यान्वयन स्कोरकार्ड	२०

चित्र सुची

चित्र १: कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट	४
चित्र २: आर्थिक वर्ष २०८१/८२ को बजेटको संरचना	४
चित्र ३: आर्थिक वर्ष २०८१/८२ मा निकायगत रुपमा विनियोजित बजेट प्रतिशत	५
चित्र ४: क्षेत्रगत बजेट विनियोजन (प्रतिशत) आर्थिक वर्ष २०८१/८२	६
चित्र ५: बजेटको आय स्रोत (प्रतिशत)	८
चित्र ६: विगत चार आर्थिक वर्षको बजेट खर्चको अवस्था	९
चित्र ७: कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को मासिक बजेट खर्च	१०
चित्र ८: महिनाअनुसार बजेट खर्च प्रतिशत	११
चित्र ९: आर्थिक वर्ष २०८१/८२ को त्रैमासिक खर्च प्रतिशत	१३
चित्र १०: विगत चार आर्थिक वर्षमा त्रैमासिक बजेट खर्च % (चालु बजेट)	१४
चित्र ११: विगत चार आर्थिक वर्षमा त्रैमासिक बजेट खर्च % (पुँजीगत बजेट)	१४
चित्र १२: त्रैमासिक निकायगत चालु खर्च	१५
चित्र १३: निकायगत पुँजीगत खर्च अवस्था	१६

शब्दावली सुची

- **चालु बजेट (Recurrent Budget):** सरकारी नियमित सञ्चालन, प्रशासनिक कार्य, तलब-भत्ता, र सेवा प्रवाहमा हुने खर्चका लागि विनियोजित बजेट। यो बजेटले सम्पत्ति सिर्जना गर्दैन, बरु दैनिक कार्यहरूलाई निरन्तरता दिन्छ।
- **पुँजीगत बजेट (Capital Budget):** विकास निर्माण, भौतिक पूर्वाधार (जस्तै: सडक, भवन, पुल, सिँचाइ आयोजना) को सिर्जना वा स्तरोन्नति, र दिगो सम्पत्ति निर्माणमा गरिने खर्चका लागि विनियोजित बजेट। यसले दीर्घकालीन सम्पत्ति र उत्पादन क्षमता बढाउँछ।
- **असारे विकास (Asare Bikash / Year-end Spending):** आर्थिक वर्षको अन्तिम महिना (असार) वा अन्तिम त्रैमासिकमा बजेटको ठूलो हिस्सा खर्च गर्ने प्रवृत्ति। यसमा हतारमा काम गर्ने, गुणस्तरमा सम्झौता गर्ने र स्रोतको दुरुपयोग हुने सम्भावना रहन्छ।
- **त्रैमासिक बजेट कार्यान्वयन (Quarterly Budget Implementation):** बजेटलाई प्रत्येक तीन-तीन महिनाको अवधिका लागि निर्धारण गरी खर्चको प्रगति मापन गर्ने प्रणाली। यसले वर्षभरि बजेट खर्चको अवस्था ट्र्याक गर्न मद्दत गर्छ।
- **भ्यालु फर मनी (Value for Money):** खर्च गरिएको स्रोतको उचित, दक्ष र प्रभावकारी प्रयोगबाट अधिकतम प्रतिफल हासिल गर्ने सिद्धान्त।
- **बहुवर्षीय योजना (Multi-year Project):** एक आर्थिक वर्षभन्दा बढी समय लाग्ने ठूला विकास परियोजनाहरू, जसका लागि धेरै आर्थिक वर्षसम्म बजेट विनियोजन गरिन्छ।
- **ई-बिडिङ (E-bidding):** विद्युतीय माध्यमबाट सार्वजनिक खरिदका लागि बोलपत्र (टेन्डर) आह्वान गर्ने र प्राप्त गर्ने प्रक्रिया। यसले पारदर्शिता र प्रतिस्पर्धा बढाउन मद्दत गर्छ।
- **सशर्त अनुदान (Conditional Grant):** संघीय वा प्रदेश सरकारले स्थानीय तहलाई विशेष शर्त वा कार्यक्रम तोकेर दिने आर्थिक सहायता। यो अनुदान तोकिएको उद्देश्यमा मात्र खर्च गर्नुपर्छ।
- **निसर्त अनुदान (Unconditional Grant):** संघीय वा प्रदेश सरकारले स्थानीय तहलाई कुनै खास शर्त वा कार्यक्रम नतोकी दिने आर्थिक सहायता। स्थानीय तहले यो रकम आफ्नो प्राथमिकताअनुसार खर्च गर्न सक्छ।
- **अर्थ-विविध (Financial Miscellaneous):** बजेटमा स्पष्ट शीर्षक वा उद्देश्य नखुलेका विविध आर्थिक कारोबारका लागि राखिएको बजेट शीर्षक। यसमा खर्चको पारदर्शिता कम हुन सक्छ।
- **बजेट फ्रिज (Budget Freeze/Lapse):** आर्थिक वर्षको अन्त्यसम्ममा खर्च हुन नसकेर सरकारी खातामा फिर्ता हुने बजेट। यसले स्रोतको गैर-उपयोगलाई संकेत गर्छ।
- **ट्र्याक रेकर्ड (Track Record):** कुनै व्यक्ति वा संस्थाले विगतमा गरेको कामको रेकर्ड वा इतिहास, जसले उसको कार्यसम्पादन र विश्वसनीयतालाई संकेत गर्छ (विशेषगरी निर्माण व्यवसायीको सन्दर्भमा)।
- **आयोजना डुप्लिकेसन (Project Duplication):** एकै प्रकारका वा उद्देश्यका आयोजनाहरूमा विभिन्न निकाय वा तहबाट छुट्टाछुट्टै बजेट विनियोजन भई काम दोहोरिने समस्या। यसले स्रोतको अनावश्यक खर्च बढाउँछ।

कार्यकारी सारांश

- यो अध्ययन कर्णाली प्रदेशको बजेट कार्यान्वयन अनुभवबाट सिकेर भविष्यमा स्रोतहरूको अधिकतम उपयोग र विकासको गति तीव्र बनाउन सहयोग गर्ने उद्देश्यले गरिएको हो । यसले विद्यमान चुनौतीहरू मात्र होइन, सुधारका अवसरहरू पनि पहिचान गरी व्यावहारिक तथा नीतिगत सुझावहरु प्रस्तुत गर्दछ ।
- अध्ययनको उद्देश्यमा मासिक र त्रैमासिक खर्च प्रवृत्ति विश्लेषण, मन्त्रालयगत खर्च दक्षताको तुलनात्मक मूल्यांकन, बजेट वक्तव्यमा भएका प्रतिबद्धताहरूको प्रगति मूल्याङ्कन, तथा मुख्य चुनौतीहरू पहिचान गरी समाधानका लागि सुझाव प्रस्तुत गर्नु समावेश छ ।
- आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशले ३१.४१ अर्ब बराबरको कुल बजेट पेस गर्यो जसमा पुँजीगत बजेट, चालु बजेट, वित्तीय व्यवस्था र स्थानीय सरकारलाई हस्तान्तरणको हिस्सा क्रमश: ५९.७%, २४.१२%, १.५% र १४.६८% रह्यो ।
- कुल बजेटमा प्रदेशको करिब ६७% बजेट संघीय सरकारको स्रोतबाट आएको छ, जबकि आन्तरिक आम्दानी जम्मा **२.६६%** मात्र रहेको छ ।
- कुल बजेटको **१६.३६%** अघिल्लो वर्ष खर्च नभएको बाँकी रकम हो, जसले कार्यान्वयन क्षमतामा कमजोरी देखाउँछ ।
- चालु बजेट कार्यान्वयन दर **७५.४२%** र पुँजीगत बजेट कार्यान्वयन दर **५८.७%** मात्र छ जुन अघिल्लो वर्ष (५४.६७%) भन्दा सुधार भए पनि अघिल्ला वर्षहरू भन्दा कमजोर हो ।
- वर्षको अन्त्यमा, विशेषगरी चौथो त्रैमासिक र असार महिनामा, अस्वाभाविक रूपमा ठूलो खर्च भएको छ, जसले हतारमा गरिएका कामको गुणस्तर, पारदर्शिता र *भ्यालु फर मनी* (Value for Money) मा प्रश्न उठाउँछ ।
- मन्त्रालयगत रूपमा, आन्तरिक मामिला तथा कानून मन्त्रालय (**९८.५%**) र मुख्य न्यायाधिवक्ताको कार्यालय (**९२.६९%**) ले उच्च चालु खर्च कार्यान्वयन देखाए; तर भौतिक पूर्वाधार विकास मन्त्रालय (**५७.०५%**) र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (**४८.४५%**) ले कमजोर बजेट कार्यान्वयन गरे ।
- बजेट वक्तव्यका १६ प्रतिबद्धतामध्ये सबै कार्यान्वयन थालिएको छ र ८७.५% स्कोर प्राप्त भएको छ, तर यसले बजेट कार्यान्वयनको समग्र प्रभावकारिता भने बढाउन सकेको छैन ।
- मुख्य चुनौतीहरूमा समयमै कार्यान्वयन सुरु नगर्नु, चाडपर्व र मौसमी कारणले ढिलाइ, ४५–७० दिन लाग्ने लामो खरिद प्रक्रिया, कानुनी कठोरता, बहुवर्षीय सम्झौतामा ढिलाइ, प्रदेश–स्थानीय समन्वयको कमजोरी, कर्मचारी क्षमताको कमी, राजनीतिक हस्तक्षेप, 'अर्थ–विविध' शीर्षकमा अत्यधिक विनियोजन, र विवादका कारण आयोजना अवरुद्ध हुनुजस्ता समस्या समावेश छन् ।
- बजेट कार्यान्वयन असारमा वा अन्तिम त्रैमासिकमा हुनु भुक्तानीमा हुने ढिलाई समेत एक प्रमुख कारण हो । पुँजीगत आयोजनाहरुको किस्ता-किस्तामा हुने भुक्तानी र काम सम्पन्न भएपश्चात हुने भुक्तानीले र चालु खर्चको समेत अन्तिम समयमा एकैपटक भुक्तानी हुँदा अन्तिम त्रैमासिकमा धेरै बजेट खर्च भएको देखियो । असारमा वा अन्तिम

त्रैमासिकको पुँजीगत बजेट खर्च नै उक्त अवधिमा कार्यान्वयन सुरु भएको नभइ अगाडीदेखि कार्यान्वयन सुरु भएपनि भुक्तानी उक्त अवधिमा भएको पाइयो ।

- बजेट कार्यान्वयनको परिणाम ठुलो मात्रै उपलब्धी होइन त्यसको नतिजा र परिणामलाई हेरी प्रदेश सरकारले वार्षिक समिक्षा गर्न आवश्यक देखिन्छ ।
- सुझावहरूमा साउनदेखि सक्रिय कार्यान्वयन सुरु गर्ने, ई-बिडिङ अनिवार्य गर्ने र सूचना अवधि ७–१० दिनमा झार्ने, साना आयोजना चैत–बैशाखमै सम्पन्न गर्ने, प्रदेश–स्थानीय समन्वय संयन्त्र बलियो बनाउने, 'अर्थ–विविध' शीर्षक घटाउने, परिणाममुखी बजेट प्रणाली लागू गर्ने, मन्त्रालय क्षमतावृद्धि र जवाफदेहिता सुनिश्चित गर्ने, तथा भौगोलिक विशेषता अनुसार 'गेम चेन्जिङ' परियोजनामा लगानी गर्ने समावेश छन् ।
- यी संरचनागत र व्यवस्थापकीय कमजोरी समाधान नगरेसम्म बजेट कार्यान्वयनमा ठुलो सुधार आउँदैन । स्रोतको अधिकतम उपयोग र कर्णालीको विकास गतिको तीव्रता बढाउनका लागि समन्वय, प्रक्रियागत सुधार, क्षमता अभिवृद्धि, र कार्यसम्पादनमा आधारित जवाफदेहिता अनिवार्य देखिन्छ ।

१. पृष्ठभूमी

कर्णाली प्रदेश सरकारले नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम हरेक वर्ष आगामी आर्थिक वर्षको लागि बजेट असार १ गते ल्याउने गर्छ। संघीय सरकारले जेठ १५ गते बजेट ल्याउने गर्छ भने स्थानीय तहहरुले असार १० गतेसम्म बजेट ल्याइसक्नुपर्ने कानूनी व्यवस्था रहेको छ। प्रदेश सरकारको बजेट मूलत संविधानको अनुसुचीमा प्रदेशको एकल र साझा क्षेत्राधिकारभित्र पर्ने विकास र कानून निर्माणको लागि केन्द्रीत हुन्छ। बजेटमा संघीय सरकारबाट प्राप्त विभिन्न अनुदानहरु, आन्तरिक राजश्व लगायतका स्रोतहरु हुन्छन्। यसै अनुसार कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि ३१ अर्ब ४१ करोड ४१ हजारको बजेट ल्याएको थियो। यस विश्लेणमा प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा गरेको बजेट कर्यान्वयनको त्रैमासिक स्थिति विश्लेषण गरिएको छ।

१.१ अनुसन्धानको आवश्यकता

कर्णाली प्रदेश जस्तो विकासका हिसाबले पछाडि परेको प्रदेशमा सीमित स्रोतको अधिकतम उपयोग हुनु अपरिहार्य छ। बजेट कार्यान्वयनमा देखिएका समस्याहरूले प्रदेशको विकास गतिलाई सुस्त बनाएका छन् र विनियोजित स्रोतबाट अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन। यस अध्ययनले बजेट कार्यान्वयनमा विद्यमान चुनौतीहरूलाई गहिराइमा बुझ्न, त्यसका मूल कारणहरू पत्ता लगाउन र भविष्यमा बजेटको प्रभावकारिता बढाउनका लागि व्यावहारिक तथा नीतिगत सुझावहरू प्रदान गर्न मद्दत गर्नेछ। विशेषगरी, 'असारे विकास' को प्रवृत्ति, पुँजीगत खर्चमा देखिएको न्यूनता र मन्त्रालयगत खर्च दक्षतामा देखिएका भिन्नताहरूको विस्तृत विश्लेषण गर्न यो अध्ययन आवश्यक छ। यसले नीति निर्माता, योजनाविद् र सरोकारवालाहरूलाई बजेट कार्यान्वयनका बाधाहरू हटाउन र प्रदेशको वित्तीय सुशासन अभिवृद्धि गर्न आवश्यक सूचना तथा तथ्याङ्क प्रदान गर्नेछ।

१.२ उद्देश्यहरू

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन्:

- आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेश सरकारको समग्र बजेट (चालु र पुँजीगत) कार्यान्वयनको अवस्था विश्लेषण गर्नु।
- मासिक र त्रैमासिक रूपमा बजेट खर्चको प्रवृत्ति र त्यसका कारणहरू पत्ता लगाउनु।
- विभिन्न मन्त्रालय तथा निकायहरूको बजेट खर्चको अवस्था र दक्षताको तुलनात्मक अध्ययन गर्नु।
- प्रदेश सरकारले बजेट वक्तव्यमा गरेका प्रतिबद्धताहरूको कार्यान्वयन स्थिति मूल्यांकन गर्नु।
- बजेट कार्यान्वयनमा देखिएका प्रमुख चुनौतीहरू पहिचान गर्नु र तिनको समाधानका लागि व्यावहारिक तथा नीतिगत सुझावहरू प्रस्तुत गर्नु।

१.३ अनुसन्धान प्रश्नहरू

यस अध्ययनले निम्न अनुसन्धान प्रश्नहरूको उत्तर खोज्ने प्रयास गर्नेछ:

- कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा चालु र पुँजीगत बजेट कति प्रतिशत कार्यान्वयन गर्यो र अघिल्ला आर्थिक वर्षहरूसँग यसको तुलनात्मक अवस्था कस्तो छ?
- मासिक र त्रैमासिक रूपमा बजेट खर्चको प्रवृत्ति कस्तो छ र अन्तिम त्रैमासिकमा अत्यधिक खर्च हुनुका मुख्य कारणहरू के-के हुन्?
- कुन मन्त्रालय/निकायहरूको बजेट कार्यान्वयन दक्षता बढी छ र कुनको कमजोर छ? यसका अन्तर्निहित कारणहरू के-के हुन्?
- कर्णाली प्रदेश सरकारले बजेट वक्तव्यमा गरेका प्रतिबद्धताहरूको कार्यान्वयन स्थिति कस्तो छ र यसले समग्र बजेट प्रभावकारितामा कस्तो भूमिका खेलेको छ?
- कर्णाली प्रदेशमा बजेट कार्यान्वयनमा देखिएका प्रमुख चुनौतीहरू के-के हुन् र ती चुनौतीहरूलाई सम्बोधन गर्न कस्ता नीतिगत तथा व्यवहारिक सुधारहरू आवश्यक छन्?

१.४ अध्ययनको विधि

अध्ययनको प्रकार: यो अध्ययन गुणात्मक र मात्रात्मक दुवै विधिमा आधारित एक मिश्रित अध्ययन हो। मात्रात्मक विधिमार्फत बजेट खर्चका तथ्याङ्कहरूको विश्लेषण गरी प्रवृत्तिहरू पत्ता लगाइएको छ भने, गुणात्मक विधिमार्फत बजेट कार्यान्वयनका चुनौती र कारणहरूलाई गहिराइमा बुझ्नका लागि कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायका अधिकारीहरुसँग छलफल तथा अन्तर्वार्ता लिइएको छ।

तथ्यांकको स्रोत

यस अध्ययनका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्कहरू प्रयोग गरिएको छ:

- प्रकर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालय र निकायका अधिकारीहरूसँगको **प्रमुख सूचनादाता अन्तर्वार्ता** (विशेष गरी, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय लगायतका अधिकारीहरू)
- कर्णाली प्रदेश सरकारको बजेट वक्तव्यहरू तथा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त सोको कार्यान्वयनसँग सम्बन्धित जानकारीहरु।
- प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेशबाट प्रकाशित बजेट खर्चसम्बन्धी तथ्याङ्कहरू।

तथ्यांक संकलन विधि

तथ्याङ्क संकलनका लागि निम्न विधिहरू प्रयोग गरिएको छ:

- प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट विनियोजन, खर्चको तथ्याङ्क, त्रैमासिक प्रतिवेदनहरू, बजेट वक्तव्यहरू र अन्य नीतिगत कागजातहरूको गहन अध्ययन।
- बजेट कार्यान्वयन प्रक्रियामा प्रत्यक्ष संलग्न प्रदेश सरकारका अधिकारीहरूसँग अन्तर्वार्ता सञ्चालन गरियो। यसबाट बजेट कार्यान्वयनका चुनौतीहरू, प्रक्रियागत जटिलताहरू र समाधानका उपायहरूबारे जानकारी प्राप्त भयो।

विश्लेषण उपकरण

संकलित तथ्याङ्कहरूको विश्लेषणका लागि निम्न उपकरणहरू प्रयोग गरिएको छ:

- परिमाणात्मक तथ्याङ्कहरू (बजेट विनियोजन, खर्च प्रतिशत, मासिक/त्रैमासिक प्रवृत्ति) को व्यवस्थापन, प्रशोधन र ग्राफिकल प्रस्तुतीकरणका लागि माइक्रोसफ्ट एक्सेलको प्रयोग गरिएको छ।
- बजेट खर्चको प्रवृत्ति, औसत खर्च दर र प्रतिशत जस्ता तथ्याङ्कीय विवरण प्रस्तुत गर्न गुणात्मक तथ्याङ्कको प्रयोग गरिएको छ।
- प्रमुख सूचनादाता अन्तर्वार्ताबाट प्राप्त गुणात्मक जानकारीहरूलाई वर्गीकृत गरी बजेट कार्यान्वयनका चुनौतीहरू, बाधाहरू र समाधानका उपायहरूसम्बन्धी प्रमुख विषयवस्तुहरू पहिचान गरियो।

१.५ सीमा (Limitations)

यस अध्ययनका केही सीमाहरू निम्नानुसार छन्:

- प्रमुख सूचनादाताहरूबाट प्राप्त जानकारी उनीहरूको व्यक्तिगत अनुभव र धारणामा आधारित हुने भएकाले त्यसमा केही हदसम्म पूर्वाग्रह हुन सक्ने सम्भावना रहन्छ।
- बजेट खर्चको प्रतिशतबाट मात्रै वास्तविक विकासको प्रभाव र गुणस्तर मापन गर्न जटिल हुने।
- अध्ययनका लागि उपलब्ध समय सीमाले गर्दा बजेट कार्यान्वयनका सबै आयामहरूमा पूर्णतः गहिरो विश्लेषण गर्न असम्भव हुन सक्ने।
- अध्ययन अवधिमा भएका वा भविष्यमा हुने नीतिगत तथा नेतृत्व परिवर्तनले बजेट कार्यान्वयनको प्रवृत्तिमा पार्न सक्ने प्रभावलाई यस अध्ययनले पूर्ण रूपमा समेट्न नसक्ने।

२. बजेट र कार्यसम्पादन विश्लेषण

आर्थिक वर्ष २०८१/८२ को कर्णाली प्रदेश सरकारको बजेट विवरण तपशिलबमोजिम रहेको छ।

चित्र १: कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट

कुल बजेट	चालु बजेट	पुँजीगत बजेट	वित्तीय व्यवस्था	स्थानीय तहमा वित्तीय हस्तान्तरण
रू. ३१ अर्ब ४१ करोड ४१ हजार	रू. ७ अर्ब ५७ करोड ५५ लाख ९२ हजार	१८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार	रु. २५ करोड	रू. ४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार

स्रोत: बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार

२.१ बजेटको संरचना

चित्र २: आर्थिक वर्ष २०८१/८२ को बजेटको संरचना



कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१/८२ को बजेटको संरचना हेर्दा सबैभन्दा ठुलो अंश विकास बजेट अर्थात् पुँजीगत बजेट देखिन्छ। कुल बजेटको ५९.७ प्रतिशत पुँजीगत बजेट रहँदा प्रदेशको चालु बजेट २४.१२ प्रतिशत रहेको छ। बजेटको संरचनामा विकास बजेटको हिस्सा ठुलो हुनु सकारात्मक हो। आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकारको कुल बजेटको १८.९४ प्रतिशत मात्रै पुँजीगत बजेट रहेको छ।

यसले संघीय सरकारको तुलनामा प्रदेश सरकारको प्रशासनिक खर्च कम भएको देखाउँछ। यद्यपी जुन अनुपातमा विकास बजेट विनियोजन गरिएको हुन्छ, सो अनुपातमा यसको कार्यान्वयन आवश्यक हुन्छ। प्रदेश सरकारले कुल विनियोजित बजेटको आधा भन्दा बढी अर्थात् १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार बजेटलाइ यहाँको विकासमा प्रभावकारी रुपमा खर्च गर्न सके प्रदेशको विकास र आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान हुने देखिन्छ। अन्यथा त्यो सम्भव बनाउन आवश्यक कानून, संस्था, प्रणाली र प्रक्रियाहरू निर्माण गर्न प्रदेश सरकार कति सक्षम भयो भन्ने बारेमा प्रश्न उठाउँछ।

२.२ निकायगत बजेट विनियोजन

चित्र ३: आर्थिक वर्ष २०८१/८२ मा निकायगत रुपमा विनियोजित बजेट प्रतिशत



स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार

निकायगत बजेट हेर्दा कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमा कुल बजेटको एकतिहाई अर्थात् ३३.३२ प्रतिशत बजेट विनियोजन भएको देखिन्छ। यसबाट प्रदेश सरकार भौतिक पूर्वाधार विकासमा केन्द्रीत भएको देखिन्छ। यस मन्त्रालयअन्तर्गत विशेषगरी सडक र पुल निर्माणमा बजेट केन्द्रीत हुने गर्दछ।

प्रदेशको बजेटको दोस्रो ठुलो हिस्सा अर्थात् १८.२२ प्रतिशत बजेट सामाजिक विकास मन्त्रालयको लागि विनियोजन भएको छ। यसअन्तर्गत स्वास्थ्य, शिक्षा र सामाजिक विकासको उपकरणहरु खरिद् र विद्यालयहरुको पूर्वाधार निर्माणको लागि समेत बजेट रहेको हुन्छ।

अन्य प्रमुख विनियोजनहरूमा स्थानीय सरकारहरूलाई १५.३९%, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई ९.१३%, र विविध (अर्थ–विविध) अन्तर्गत ७.३२% समावेश छन्। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (६.१९%), कृषि तथा सहकारी मन्त्रालय (५.९४%), र मुख्यमन्त्री कार्यालय (१.२१%) जस्ता निकायहरूले थोरै हिस्सा प्राप्त गरे।

योजना आयोग, लोकसेवा आयोग, व्यवस्थापिका र मुख्य न्यायाधिवक्ताको कार्यालय लगायत अधिकांश अन्य निकायहरूले १% भन्दा कम हिस्सा प्राप्त गरे। यसले अत्यधिक केन्द्रित विनियोजन ढाँचालाई प्रकाश पार्छ।

प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६) को दीर्घकालीन उद्देश्य आधारभूत पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारमा विशेष उपलब्धि हासिल गर्दै तीव्र आर्थिक-सामाजिक विकास गर्ने रहेको छ। प्रदेश सरकारले मन्त्रालयगत बजेट विनियोजन गर्दा प्रदेशको आवश्यकता र पञ्चवर्षीय योजनाहरुलाई आधार

बनाएको भन्ने देख्न सकिन्छ। यद्यपि, प्रदेशले भविष्यमा गरिने विनियोजनहरू रणनीतिक उद्देश्य र स्थानीय आवश्यकताहरूमा आधारित रहने कुरा सुनिश्चित गर्नुपर्छ ताकि विभिन्न क्षेत्र र संस्थाहरूमा सन्तुलित वृद्धि हासिल गर्न सकियोस।

अर्थ विविधमा विनियोजन गरिएको बजेट भनेको अत्यावश्यक अवस्थामा खर्च गर्नेगरी विनियोजन गरिएको हुन्छ। यस्तो बजेट आफु अनुकुल रकमान्तरका लागि प्रयोग गर्न ठुलो मात्रामा राख्ने गरिएको हुन्छ। अर्थ विविधको मात्रा ठुलो हुँदा समेत प्रदेशको बजेट खर्चको गति गुणात्मक रुपमा बढ्नमा असर गर्ने देखिन्छ। यसर्थ अर्थ विविधजस्ता बजेटको मात्रामा केही घटाई निश्चित गर्न आवश्यक देखिन्छ।

समग्रमा यस विनियोजनबाट निकायहरुको बजेट खर्च क्षमता कम भएको देखिन्छ। यसरी हेर्दा निकायगत रुपमा बजेट कार्यान्वयन क्षमता बढाउन आवश्यक देखिन्छ। यसका साथै निकायगत बजेट कार्यान्वयन कार्ययोजनाको प्रभावकारी निर्माण र कार्यान्वयनलाई संस्थागत गर्न आवश्यकता देखिन्छ। अन्यथा राजनीतिक अस्थिरता र प्रशासनिक उतारचढावले समेत बजेट कार्यान्वयनलाई असर पार्ने जोखिम देखिन्छ।

२.३ क्षेत्रगत बजेट विनियोजन

चित्र ४: क्षेत्रगत बजेट विनियोजन (प्रतिशत) आर्थिक वर्ष २०८१/८२



स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ मा क्षेत्रगत बजेट विनियोजन अध्ययन गर्दा सबैभन्दा ठुलो हिस्सा अर्थात् कुल विनियोजित बजेटको ३३ प्रतिशत सामान्य सार्वजनिक सेवामा विनियोजन गरेको देखिन्छ। यसअन्तर्गत प्रदेश सरकारले कार्यकारी र विधायिकाको निकाय, आर्थिक तथा वित्तिय र वैदेशिक मामिला, सामान्य सेवा, सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास, विभिन्न तहका सरकारहरु वीच हुने सामान्य प्रकृतिको हस्तान्तरण रहने उल्लेख गरेको छ।

दोस्रो सबैभन्दा ठूलो विनियोजन - २७.७८% - आवास र सामुदायिक विकास अन्तर्गत भएको छ, जसमा सडक पूर्वाधार, विद्युतीकरण, खानेपानी, र सामुदायिक सुविधाहरू समावेश छन्। यो प्रदेशको पाँच वर्षे विकास रणनीतिसँग राम्रोसँग मेल

खान्छ जसले ग्रामीण र सेवाबाट वञ्चित क्षेत्रहरूमा आधारभूत पूर्वाधार र आवश्यक सेवाहरूमा पहुँचलाई प्राथमिकता दिएको छ।

बजेटको अर्को २१.४१% आर्थिक मामिलाहरूमा निर्देशित छ, जसले कृषि, उद्योग, पर्यटन र रोजगारी सिर्जना जस्ता क्षेत्रहरूलाई समर्थन गर्दछ र जुन कर्णालीभरि उत्पादन बढाउन र जीविकोपार्जन सुधार गर्न महत्त्वपूर्ण छ।

स्वास्थ्य (७.५२%) र शिक्षा (२.९५%) ले उनीहरूको सामाजिक महत्त्वको सापेक्षमा सामान्य विनियोजन प्राप्त गरेका छन्, र मनोरञ्जन र खेलकुद (२.६५%), वातावरणीय संरक्षण (२.४६%), र सार्वजनिक व्यवस्था र सुरक्षा (१%) ले अपेक्षाकृत न्यूनतम बजेट हिस्सा प्राप्त गरेका छन्।

उल्लेखनीय रूपमा, सामाजिक सुरक्षाले सबैभन्दा कम विनियोजन, अर्थात् ०.२४% मात्र प्राप्त गरेको छ, जसले कमजोर र सीमान्तकृत जनसंख्यातर्फ लगानीमा सम्भावित खाडललाई संकेत गर्दछ।

बजेट संरचनामा देखिएको अर्को मुद्दा भनेको "अवर्गीकृत वा अन्य क्षेत्रहरू" अन्तर्गत उल्लेखनीय विनियोजन हो। यी कोषहरू कसरी प्रयोग गरिनेछ भन्ने बारे स्पष्टताको अभावले पारदर्शिता, ट्र्याकिङ र सार्वजनिक विश्वासमा जोखिम निम्त्याउँछ। जवाफदेहिता सुधार गर्न र विकास लक्ष्यहरूसँग पङ्क्तिबद्धता सुनिश्चित गर्न, सरकारले यस्ता बजेटहरूको लागि स्पष्ट परिभाषा र रिपोर्टिङ प्रदान गर्नुपर्छ।

समग्रमा, बजेटले पूर्वाधार र प्रशासनिक क्षमतामा बलियो जोड प्रतिबिम्बित गर्दछ, तर समावेशी र प्रभावकारी शासनको लागि सामाजिक क्षेत्रहरू र बजेट स्पष्टतामा बढी ध्यान दिनु पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ।

२.४ बजेटको स्रोतः

प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरेको बजेटको आय विवरण तपशिलबमोजिम रहेको छ।

तालिका १: कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेटको आय स्रोतको विवरण

बजेटको स्रोत	बजेट रु. हजारमा
आन्तरिक ऋण	०
वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम	१,३३,५०
विशेष अनुदान	६७,२५,००
आन्तरिक राजस्व	८३,४४,६५
समपूरक अनुदान	१,२८,५०,००
सशर्त अनुदान	३,७१,५०,००
अघिल्लो वर्ष खर्च नभई बचत भएको रकम	५,१३,८१,२६
राजस्व बाँडफाँड	९,३८,५३,००
वित्तीय समानीकरण अनुदान	१०,३६,६३,००
	कुलः ३१,४१,००,४१

स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार

प्रदेश सरकारको बजेटको सबैभन्दा ठुलो स्रोत संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रहेको छ । कुल बजेटमा यस्तो बजेटको हिस्सा ३३ प्रतिशत रहेको छ । दोस्रो ठुलो रकम समेत संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम २९.८८ प्रतिशत रहेको छ । प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को अनुमानित आयको तेस्रो सबैभन्दा ठुलो हिस्सा विगत आर्थिक वर्ष २०८०/८१ मा खर्च नभई बाँकी रहने अनुमानित रकम रहेको छ । जुन आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित कुल बजेटको १६.३६ प्रतिशत रहेको छ । प्रदेशको आन्तरिक आय एकदमै न्यून रहेको छ । प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित कुल बजेटमा आन्तरिक आयको हिस्सा जम्मा २.६६ प्रतिशत मात्रै रहेको छ ।

चित्र ५: बजेटको आय स्रोत (प्रतिशत)



स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सरकार

माथीको तथ्यांकबाट प्रदेश सरकारको बजेटको दुई तिहाइभन्दा बढी बजेट संघीय सरकारबाट प्राप्त भएको देखिन्छ । प्रदेशको आतरिक आयको हिस्सा कुल बजेटको २.६६ प्रतिशत मात्रै अनुमान गरिएको छ । यो तथ्यले प्रदेश सरकारको राजस्व संकलन क्षमता कमजोर रहेको देखाउँछ । यसलाई सुधार गरी आन्तरिक राजस्वको मात्रा बढाउनका लागि प्रदेश सरकारले विशेष रणनीति अपनाई काम गर्न आवश्यक देखिन्छ । त्यससँगै बजेटको ठुलो हिस्सा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको रकम (१६.३६%) रहेको छ । यसले प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमतामाथी प्रश्न चिन्ह खडा गर्दछ । साथै यो तथ्यांकबाट प्रशासनिक अक्षमता, योजनाको कार्यान्वयनमा ढिलाइ वा नीतिगत अस्पष्टताको संकेत देखिन्छ ।

३. बजेट भर्सेस खर्च विश्लेषण

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ सहित त्यसअघिका चार आर्थिक वर्षहरुमा ल्याएको बजेटको कार्यान्वयनको अवस्था कस्तो थियो भन्ने जानकारी तलको चित्रबाट हेरौः

चित्र ६: विगत चार आर्थिक वर्षको बजेट खर्चको अवस्था



कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा ५८.७ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ। तर चालु बजेट भने त्योभन्दा निकै धेरै ७५.४२ प्रतिशत कार्यान्वयन गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा पुँजीगत बजेट ५४.६७ प्रतिशत कार्यान्वयन भएकोमा आर्थिक वर्ष २०८१/८२ मा भने केही बढेको देखिन्छ। तर आर्थिक वर्ष २०७९/८० मा ६४.५४ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ६०.०३ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन भएको देखिन्छ। पछिल्ला दुई आर्थिक वर्षमा चालु र पुँजीगत खर्चको दर फराकिलो देखिन थालेको छ। यसले प्रशाशनिक खर्चमा निरन्तरता पाएको भए पनि विकास बजेट खर्चको गतिमात्र कमजोर भएको देखिन्छ।

३.१ मासिक बजेट खर्चको प्रवृति

चित्र ७: कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को मासिक बजेट खर्च



सबैभन्दा कम पुँजीगत बजेट कार्यान्वयन भएको साउन महिनामा ०.०१९ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन भएको थियो। प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तसम्म अर्थात् नौ महिनाको अवधिमा जम्मा २०.९४ प्रतिशत पुँजीगत बजेटमात्रै कार्यान्वयन गरेको थियो। तर सो अवधिमा चालु खर्च भने निरन्तर बढिरहेको थियो। सञ्चालन खर्च बढेको भएतापनि सो अनुपातमा विकास खर्च बढ्न नसक्नुले उक्त सञ्चालन खर्चको उपादयेतामाथी समेत प्रश्न चिन्ह खडा गर्दछ। नौ महिनाको उक्त अवधिमा प्रदेश सरकारको चालु खर्च ३८.४३ प्रतिशत पुगेको थियो।

चित्र ८: महिनाअनुसार बजेट खर्च प्रतिशत



बैशाख महिनामा ४.५२ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन हुँदा असारमा भने कुल विनियोजित पुँजीगगत बजेटको २६.२२ प्रतिशत कार्यान्वयन भएको छ। चालु बजेट सञ्चालन खर्च हो। यो बजेट निरन्तरजस्तो सोही गतिमा कार्यान्वयन हुनुपर्ने हो। तर जेठ महिनामा १०.६८ र असार महिनामा चालु बजेट पनि २०.७ प्रतिशत कार्यान्वयन भएको छ। यसबाट चालु खर्च समेत अस्वभाविक गतिमा आर्थिक वर्षको अन्तिम २ महिनामा बढेको देखाउँछ।

यदि कुसल प्रणाली हुने हो भने सरकारले खर्च त गर्न सक्दो नै रहेछ भन्ने कुरा त चालु खर्चको गुणात्मक वृद्धीको निरन्तरताले देखाउँछ। खर्च गर्न समस्या होइन, तत्परता र सक्रियताको अभाव हो कि भन्ने प्रश्न यस तथ्यबाट खडा हुन्छ। त्यस कारण प्रदेश सरकारले पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमा पुँजीगत बजेट न्यून कार्यान्वयन हुनुको कारणहरुको अध्ययन गरी त्यसको समाधानका लागि काम गर्न आवश्यक देखिन्छ।

असारमा मात्रै कुल पुँजीगत बजेट (१८ अर्ब ७८ करोड ६० लाख १३ हजार) को २६.२२ प्रतिशत पुँजीगत बजेट निकासा

भएको छ । जुन आर्थिक वर्षमा कुल खर्च भएको विकास बजेट (११ अर्ब १ करोड ४५ लाख ४० हजार ९०६.९४) को ४४.७१ प्रतिशत हो । अर्थात् कुल निकासा भएको विकास बजेटको झण्डै आधाजसो असारमा निकासा भएको देखिन्छ ।

३.२ त्रैमासिक बजेट खर्चको अवस्था

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेटलाइ त्रैमासिक रुपमा कसरी कार्यान्वयन गरेको छ भन्ने थाहा पाउनका लागि तलको तालिका अध्ययन गरौँ ।

तालिका २: बजेट विनियोजन र त्रैमासिक खर्च

विवरण	समग्र बजेट	पुँजीगत बजेट	चालु बजेट
कुल बजेट विनियोजन रु.	३१,४१,००,४१,०००	१८,७५,५१,६८,०००	१२,४०,४८,७३,०००
कुल खर्च रु.	२०,३५,९५,८९,७९७.२६	११,०१,४५,४०,९०६.९४	९,३४,५०,४८,८९०.३२
चौथो त्रैमासिक खर्च रु.	११,६७,१०,८३,७९१	७,०८,२०,६३,९३५	४,५८,९०,१९,८५६
चौथो त्रैमासिक खर्च प्रतिशत	३७.१६%	३७.६७%	३६.९९%
तेस्रो त्रैमासिक खर्च प्रतिशत	१२.५२%	१२.०४%	१३.५६.००%
दोस्रो त्रैमासिक खर्च प्रतिशत	८.०५%	४.८४%	१३.०५%
पहिलो त्रैमासिक खर्च प्रतिशत	७.०९%	४.०६%	११.८२%
आर्थिक वर्षको कुल खर्च	**६४.८२%**	**५८.७०%**	**७५.४२%**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा कुल ३१ अर्ब ४१ करोड ४१ हजार मध्ये समग्रमा २० अर्ब ३५ करोड ९५ लाख ८९ हजार नौ सय २७ रुपैयाँ रुपैयाँ कार्यान्वयन गरेको छ । यो भनेको कुल विनियोजन बजेटको ६४.८२% हो । विकस बजेट अर्थात् पुँजीगत खर्च १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार विनियोजन भएकोमा प्रदेश सरकारले ११ अर्ब १ करोड ४५ लाख ४० हजार ९०६ कार्यान्वयन गरेको छ । यो कुल विनियोजित पुँजीगत बजेटको ५८.७% हो । तर प्रदेश सरकारले चालु बजेट खर्चको रकम समेत पुँजीगत बजेट खर्च रकमकै हाराहारीमा खर्च गरेको देखिएको छ । कुल विनियोजित चालु बजेटमध्ये ७५.४२ प्रतिशत खर्च हुँदा चालु खर्च कार्यान्वयन रु. ९ अर्ब ३४ करोड ५० लाख ४८ हजार ८९०.३२ पुगेको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा त्रैमासिक रुपमा चालु र पुँजीगत बजेट खर्चको अवस्थालाई तलको चित्रबाट हेरौः

चित्र ९: आर्थिक वर्ष २०८१/८२ को त्रैमासिक खर्च प्रतिशत



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश

कर्णाली प्रदेश सरकारको चालु र पुँजीगत खर्चको गति चौथो त्रैमासिक अर्थात् बैशाख-असारमा मात्रै ठुलो दरले अस्वभाविक रुपमा बढेको देखिन्छ । यहाँनिर निर्माणाधिन विकासका आयोजनाहरु एवं संचालनमा रहेका परियोजनाहरुको भुक्तानि कार्यसम्पन्नपश्चात मात्रै हुने भएकाले पुँजीगत बजेट तेस्रो त्रैमासिकमा बढी खर्च भएको हुनसक्छ । तर चालु खर्च समेत तेस्रो त्रैमासिकमा सोही गतिमा अस्वभाविक रुपमा बढेको देखिन्छ । अब तलको तालिकाबाट प्रदेश सरकारको पुँजीगत बजेट कार्यान्वयनको अवस्थाबारे जानकारी हरौंः

तालिका ३: चौथो त्रैमासिक र असारमा बजेट कार्यान्वयनको तथ्य

कार्यान्वयन भएको पुँजीगत बजेट रु.	११०१४५४०९०७
चौथो त्रैमासिक खर्च रु.	७०८२०६३९३५
कुल कार्यान्वयन रकममध्ये चौथो त्रैमासिक खर्च (%)	६४.३०%
असारमा भएको पुँजीगत खर्च	४९२५६९२६०९
कुल भएको पुँजीगत बजेटमध्ये असारमा भएको खर्च (%)	४४.७२%

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश

आर्थिक वर्ष २०८१/०८२ मा प्रदेश सरकारले कुल कार्यान्वयन भएको पुँजीगत बजेटमध्ये चौथो त्रैमासिकमा ६४.३०% कार्यान्वयन गरेको देखिन्छ । सँगसँगै कुल कार्यान्वयन भएको पुँजीगत बजेटको ४४.७२% बजेट त असार महिनामा मात्रै कार्यान्वयन भएको रहेछ । अर्थात् कर्णाली प्रदेश सरकारले चौथो त्रैमासिकमा ७ अर्ब ८ करोड २० लाख ६३ हजार ९ सय ३५ रुपैयाँ तथा असार महिनामा मात्रै ४ अर्ब ९२ करोड ५६ ला ९२ हजार ६०९ रुपैयाँ पुँजीगत बजेट निकासा गरेको देखिन्छ ।

३.३ बजेट खर्चको अघिल्ला चार आर्थिक वर्षको तुलना

प्रदेश सरकारको बजेट कार्यान्वयनको स्थितिलाई विश्लेषण गर्दा विगतको बजेट कार्यान्वयनको स्थिति विश्लेषण गर्नु निकै नै महत्वपुर्ण रहन्छ । सोअनुसार प्रदेश सरकारले चालु सहित चार आर्थिक वर्षमा (२०७८/७९ देखि २०८१/८२ सम्म) कुन प्रवृत्तिमा बजेट कार्यान्वयन गरिरहेको छ हेरौः

चित्र १०: विगत चार आर्थिक वर्षमा त्रैमासिक बजेट खर्च % (चालु बजेट)



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश

कर्णाली प्रदेश सरकारले पछिल्ला वर्षहरुमा अन्तिम त्रैमासिकमा चालु बजेट कार्यान्वयन गर्ने दर एउटै लयमा राखेको देखिन्छ । चालु खर्च समेत अन्तिम त्रैमासिकमा ठुलो मात्रामा खर्च गर्ने प्रवृत्तिले यसको प्रभावकारीतामाथी प्रश्न खडा गर्न सक्छ । किनभने सञ्चालन खर्चहरु निरन्तर एउटै गतिमा खर्च हुनुपर्नेमा अन्तिम त्रैमासिकमा ठुलो मात्रामा खर्च भएको देखिन्छ ।

अब हेरौं पछिल्ला वर्षहरुमा पुँजीगत बजेटको कार्यान्वयन त्रैमासिक रुपमा कसरी भएको छ भन्ने तथ्यांक तलको चित्रबाटः

चित्र ११: विगत चार आर्थिक वर्षमा त्रैमासिक बजेट खर्च % (पुँजीगत बजेट)



पछिल्ला आर्थिक वर्षहरुमा पुँजीगत बजेट खर्चमा भने तुलनात्मक सुधार भएको देखिँदैन। चार आर्थिक वर्षका बजेटहरुको कार्यान्वयन स्थिति हेर्दा अन्तिम त्रैमासिक केन्द्रीत खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा ४२.०९, २०७९/८० मा ४२.४२ र आर्थिक वर्ष २०८०/८१ मा ३५.५९ प्रतिशत र २०८१/८२ मा ३७.७६ प्रतिशत बजेट अन्तिम त्रैमासिकमा खर्च भएको छ। यद्यपी पहिलो त्रैमासिकमा भने ४ प्रतिशत बजेट पुगेको पुराना आर्थिक वर्षहरुको तुलनामा सुधार भएको देखिन्छ। तर तेस्रो त्रैमासिकमा भने १२ प्रतिशतकै हाराहारीमा पुँजीगत बजेट कार्यान्वयन भएको देखिन्छ। साथै दोस्रो त्रैमासिकमा भने आर्थिक वर्षअनुसार ३ देखि ७ प्रतिशतसम्म पुँजीगत बजेट कार्यान्वयन भएको देखिन्छ।

यसर्थ प्रदेश सरकारको त्रैमासिक बजेट कार्यान्वयनको प्रगतिलाई हेर्दा विगतका आर्थिक वर्षहरुका तुलनामा सुधार भएको देखिँदैन। यो अवस्थाले बजेट तर्जुमा मात्र नभई त्यसको प्रभावकारी कार्यान्वयनमा पनि ध्यान दिन आवश्यक रहेको देखाउँछ। गुणात्मक रूपमा खर्चको गति नबढेसम्म प्रदेशको विकास र सेवाप्रवाहमा अपेक्षित सुधार हासिल गर्न गाह्रो हुने देखिन्छ। प्रदेश सरकारले बजेट कार्यान्वयनको प्रभावकारिता र समयमै विकास योजनाको कार्यान्वयन लाई प्राथमिकतामा राख्दै *संस्थागत शुसासन* र *कार्यान्वियन दक्षता* मा जोड दिनु आवश्यक छ।

३.४ बजेट भर्सेस खर्च (मन्त्रालय/निकाय अनुसार)

चित्र १२: त्रैमासिक निकायगत चालु खर्च



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश

चालु खर्चको हिसाबामा हेर्दा केहि मन्त्रालय/निकायहरु आफ्नो विनियोजित बजेटको ८०% भन्दा बढी खर्च गरेर बलियो कार्यान्वयनकर्ताको रूपमा देखा परेका छन् । आन्तरिक मामिला तथा कानून मन्त्रालयले ९८.५% मा उच्चतम कार्यान्वयन दर रेकर्ड गर्यो, तर बजेटको ८२% भन्दा बढी अन्तिम त्रैमासिकमा मात्र खर्च गरिएको थियो, जसले कार्यक्रम कार्यान्वयन वा वितरणमा ढिलाइ हुन पुगेको देखाउँछ । मुख्य न्यायाधिवक्ताको कार्यालयले भने ९२.६९% को कुल कार्यान्वयनको साथ, चारै त्रैमासिकहरूमा अपेक्षाकृत स्थिर गति कायम राख्यो, जसले बढी सन्तुलित खर्च प्रक्षेपणलाई प्रतिबिम्बित गर्दछ ।

चालु बजेटको ७०-८०% कार्यान्वयन गरी मध्यम प्रदर्शन गर्ने समूहमा प्रादेशिक व्यवस्थापिका (७८.११%), आर्थिक मामिला तथा योजना मन्त्रालय (७७.७५%), भौतिक पूर्वाधार विकास मन्त्रालय (७३.४७%), र सामाजिक विकास मन्त्रालय (७३.१९%) रहेका छन् । त्रैमासिक खर्च १४% र २२% बीचमा राखी यी संस्थाहरूले मध्यम स्थिरता देखाएका छन् । चौथो त्रैमासिकमा धेरैजसो अवस्थामा वृद्धि देखिएता पनि अघिल्ला त्रैमासिकहरूमा भने यी संस्थाहरुले स्थिर वितरण नै देखाए । यद्यपि अझै पनि यी संस्थाहरु वर्षको अन्त्यको वितरणमा धेरै निर्भर थिए ।

धेरै प्रमुख मन्त्रालयहरूले भने फितलो प्रदर्शन गरे । भूमि व्यवस्थापन, कृषि र सहकारी मन्त्रालयले केवल ६९.२४% खर्च गर्यो, जसको आधा भन्दा बढी (३८.६२%) अन्तिम त्रैमासिकमा भएको थियो, जसले वर्षको प्रारम्भिक भागमा कमजोर कार्यान्वयन क्षमतालाई देखाउँछ । त्यस्तै, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय (६७.३६%) र कर्णाली प्रदेश योजना आयोग (६५.०९%) ले औसतभन्दा कम प्रदर्शन गरेका छन् । विशेष गरी ४८.४५% को कार्यान्वयन दरले गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबैभन्दा कमजोर प्रदर्शनकर्ताहरू मध्ये एक बनेको छ ।

अन्तमा, अर्थ - वित्तीय व्यवस्था र अर्थ - विविधले वर्षभरि शून्य खर्च रिपोर्ट गरेको छ । यसले या त रिपोर्टिङको अभाव वा ती शीर्षकहरू अन्तर्गत योजनाबद्ध गतिविधिहरू सुरु गर्न पूर्ण असफलतालाई संकेत गर्न सक्छ ।

चित्र १३: निकायगत पुँजीगत खर्च अवस्था



स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश

केही निकायहरुले उत्कृष्ट पूँजीगत बजेट कार्यान्वयन गरेका छन्। यद्यपि, तिनीहरूमध्ये धेरैले अत्यधिक केन्द्रित समयसीमामा काम गरेका छन्। मुख्य न्यायाधिवक्ताको कार्यालयले एउटा उल्लेखनीय उदाहरण देखाएको छ। यसले तेस्रो त्रैमासिकमा आफ्नो पूँजीगत बजेटको ९८.२४% खर्च गरेको थियो, तर अन्य कुनै पनि त्रैमासिकमा कुनै गतिविधि भएको थिएन। आर्थिक मामिला तथा योजना मन्त्रालयले कुल ९६.२९% कार्यान्वयन गरेको थियो, तर त्यसको ४०.५८% पहिलो त्रैमासिकमा आएको थियो। प्रादेशिक लोक सेवा आयोग, पहिलो दुई त्रैमासिकमा निष्क्रिय भए पनि, तेस्रो र चौथो मा संयुक्त रूपमा आफ्नो पूँजीगत बजेटको ८८.९२% कार्यान्वयन गर्न सक्षम थियो। यसको ठूलो हिस्सा वास्तवमा अन्तिम त्रैमासिकमा मात्र आएको थियो। दोस्रो र तेस्रो त्रैमासिकमा आफ्नो सम्पूर्ण ८३.७४% खर्च गर्दै, कर्णाली प्रदेश योजना आयोगले पनि पछिल्ला त्रैमासिकमा खर्च गर्ने प्रवृत्ति देखाएको छ।

धेरै अन्य मन्त्रालयहरूले पनि ७०% को खर्चको सिमा पार गरे तर अन्तिम त्रैमासिकमा उल्लेखनीय निर्भरता देखाए। जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले आफ्नो पूँजीगत बजेटको ८०.७५% कार्यान्वयन गऱ्यो, जसमध्ये सबैभन्दा बढी हिस्सा (५८.८४%) चौथो त्रैमासिकमा थियो। त्यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ७६.०२% खर्च गऱ्यो जसको धेरैजसो हिस्सा तेस्रो र चौथो त्रैमासिकमा केन्द्रित थियो। अन्तिम त्रैमासिकमा आफ्नो पूँजीको लगभग दुई तिहाइ खर्च गर्दै, सामाजिक विकास, व्यवस्थापिका र भूमि व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालयले पनि ७०% भन्दा कम मात्र खर्च गरे।

मध्यम श्रेणीका बजेट कार्यान्वयन गर्ने निकायहरुमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (६५.६३%), भौतिक पूर्वाधार विकास मन्त्रालय (५७.०५%) र आन्तरिक मामिला तथा कानून मन्त्रालय (४१.७३%) समावेश छन्। यी मन्त्रालयहरूले धेरै त्रैमासिकहरूमा गतिविधि देखाए पनि, तिनीहरूले अझै पनि चौथो त्रैमासिकमा धेरै भर परेका थिए। यसबाट बजेटको कार्यान्वयनमा वर्षैभरी ध्यान दिनुपर्ने देखिन्छ। केही मन्त्रालय/निकाय/शिर्षकमा नगण्य वा कुनै पूँजीगत बजेट कार्यान्वयन भएन। अर्थ – विविधको बजेट ०.०९% मात्र कार्यान्वयन भयो।

समग्रमा, चालु र पूँजीगत बजेट तथ्याङ्क दुबैले अन्तिम समयमा गरिने बजेट खर्चको प्रवृत्ति देखाउँछ गर्दछ। धेरैजसो निकायहरुले अन्तिम त्रैमासिकमा आफ्नो बजेटको आधाभन्दा बढी खर्च गर्छन्। यो संकुचित खर्च चक्रले प्रादेश सरकारका परियोजनाहरूको गुणस्तर, तयारी र योजनाको बारेमा प्रश्न खडा गर्दछ।

३.५ निकायहरुको पुँजीगत बजेट विनियोजन र कार्यान्वयनको अवस्थाः

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको पुँजीगत बजेटको सबैभन्दा ठुलो हिस्सा ओगट्ने निकायहरुको बजेट कार्यान्वयनको अवस्था तलको तालिकाबाट हेरी विश्लेषण गरौः

तालिका ४: ठुलो मात्रामा बजेट विनियोजन भएका निकायहरुको पुँजीगत बजेट कार्यान्वयनको अवस्था:

मन्त्रालय/निकाय	पूँजीगत खर्च					
	विनियोजित बजेट रु.	विनियोजन (%)	कुल खर्च रु.	कुल खर्च (%)	चौथो त्रैमासिकमा भएको खर्च रु.	चौथो त्रैमासिक खर्च (%)
भौतिक पूर्वाधार विकास मन्त्रालय	१०१४३८७४०००	५४.००	५७८७५७२७४९	५७.०५	३४४७०५५२२०	३३.९८
सामाजिक विकास मन्त्रालय	२७२८५४३०००	१४.५२	१९०८४३३३२३	६९.९४	१२०१५७१५५४	४४.०४
जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	२६०९००३०००	१३.८९	२१०६६८०९६३	८०.७५	१५३५०१५४०७	५८.८४
अर्थ - विविध	१५०००००००००	७.९८	१३८५७७१	०.०९	१३८५७७१	०.०९
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१११५२७१०००	५.९४	७३१८८७५२४	६५.६२	५८४६९९३८६	५२.४३
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	४९५१५००००	२.६४	३४३३३८७५१	६९.३४	२२९८०५७२४	४६.४१
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२३६८३०००	०.६६	९४०१४९०९	७६.०१	५९८११३३८	४८.३६
आन्तरिक मामिला तथा कानून मन्त्रालय	४४१४००००	०.२३	१८४१४९९५	४१.७२	१५२३१२९०	३४.५१
आर्थिक मामिला तथा योजना मन्त्रालय	१४१९९०००	०.०८	१३६७२५५८	९६.२९	३२५९९३२	२२.९६
प्रदेश व्यवस्थापिका	८६५००००	०.०५	६०३२२६८	६९.७४	२४५२४६१	२८.३५
प्रदेश लोक सेवा आयोग	२००००००	०.०१	१७७८४७५	८८.९२	१७७५८५२	८८.७९
कर्णाली प्रदेश योजना आयोग	१००००००	०.०१	८३७४०८	८३.७४	०	०.००
मुख्य न्यायाधिवक्ताकोकार्यालय	५०००००	०.००	४९१२१२	९८.२४	०	०.००
जम्मा	**१८७८६०१३०००**		**११०१४५४०९०७**	**५८.६३**	**७०८२०६३९३५**	**३७.७०**

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश

प्रदेश सरकारको पुँजीगत बजेट कार्यान्वयन कमजोर हुनुमा निकायगत खर्च दक्षतामा अभाव रहको देखिन्छ । किनभने कुल पुँजीगत विनियोजनको आधा भन्दा बढी हिस्सा अर्थात् ५४ प्रतिशत बजेट ओगट्ने भौतिक पुर्वाधार विकास मन्त्रालयले कम पुँजीगत बजेट कार्यान्वयन गर्दा नै समग्र प्रदेश सरकारको पुँजीगत बजेट खर्च प्रगति कमजोर देखिउको हो । उक्त मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ मा उक्त मन्त्रालय अन्तर्गत विनियोजित कुल पुँजीगत बजेटको ५७.०५ प्रतिशत मात्रै कार्यान्वयन गरेको छ । पुँजीगत बजेटको चौथो ठुलो हिस्सा अर्थात् ७.९८ ओगट्ने अर्थ-विविध शिर्षकमा ठुलो बजेट हुने र त्यो खर्च नहुँदा

यसले पनि यहाँको बजेट कार्यान्वयन कमजोर देखिएको देखिन्छ।

अर्को महत्वपुर्ण कुरा असार वा अन्तिम त्रैमासिकमा हुने बजेट खर्चको हो। किनभने अन्तिम समयमा गरिने बजेट खर्चले उक्त योजना तथा कार्यान्वयनको प्रभावकारिता र नतिजामाथी प्रश्न चिन्ह खडा गर्ने गरिन्छ। यो कुराहरुमा समेत बजेटको ठुलो हिससा ओगट्ने मन्त्रालयहरुले अनतिम त्रैमासिक र असारमा बजेट खर्च गर्नुले पनि यो प्रवृति देखिन्छ।

४. बजेट प्रतिवद्धता कार्यान्वयन स्कोरकार्ड

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएका बजेट कार्यान्वयन प्रतिवद्धताहरुको कार्यान्वनको अवस्थालाई तपशिलबमोजिम विल्लेषण गरिएको छ।

तालिका ५: बजेट प्रतिवद्धता कार्यान्वयन स्कोरकार्ड

क्र. सं.	बजेट प्रतिवद्धता	प्रारम्भिक अंक	भारित अंकभार *(प्रारंभिक X प्रतिवद्धताको अंक ६.२५)*	कैफियत
१	१९६. प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरूलाई यथार्थपरक, आवश्यकतामा आधारित, व्यवस्थित, वस्तुपरक तुल्याउन परियोजना व्यवस्थापन सम्बन्धी छुट्टै ऐन निर्माण गरिनेछ। आयोजना व्यवस्थापनलाई संस्थागत र प्रणालीबद्ध गर्न प्रदेश आयोजना बैङ्क स्थापना र सञ्चालनमा ल्याइनेछ।	१.	६.२५	
२	१९७. सीमित स्रोत साधनलाई प्राथमिकतापूर्ण क्षेत्रमा उच्चतम् प्रयोग गर्न प्रदेश सरकारको नीति, योजना, बजेट तथा कार्यक्रमबिचको तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।	१	६.२५	
३	१९८. प्रदेश सरकारको बजेटबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उक्त समितिमा बस्न नपाउने व्यवस्था मिलाएको छ।	१	६.२५	
४	१९९. बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र तयार गरिनेछ। बजेट कार्यान्वयन प्रक्रियालाई शीघ्र र व्यवस्थित गर्न मापदण्ड, कार्यविधि, निर्देशिका लगायतका आवश्यक कानुनहरू पहिलो त्रैमासिकभित्र तर्जुमा गरिनेछ।	१	६.२५	
५	२००. बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम तथा रू. १० करोडभन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजनाको कार्यान्वयनको प्रभावकारिता बढाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रुपमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।	१.	६.२५	
६	२०२. योजना तथा विकास सम्बन्धी विषयहरूमा अध्ययन र अनुसन्धान गरी सरकारलाई प्रतिवेदन गर्न कर्णाली प्रदेश योजना आयोगको संरचनागत सुधार, क्षमता विकास तथा स्रोत साधन सम्पन्न गरी बौद्धिक समूह (थिङ्क टयाङ्क)को रुपमा विकास गरिनेछ।	०.५	३.१२५	संरचनागत सुधारका लागि आवश्यक कदम नचालिएको

७	२०३. प्रदेश सरकारको विकास प्रक्रियामा आमनागरिक तथा जनप्रतिनिधिको चासो र अपेक्षा मूखरित गराउने ध्येयले सरकारी बजेट तथा योजना प्रक्रियामा प्रदेश सांसदको भूमिका र योगदानलाई सुसूचित गरिनेछ।	१.	६.२५	
८	२०४. प्रदेश सरकारको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्न र वित्तीय व्यवस्थापनमा संलग्न पदाधिकारी तथा कर्मचारीको अधिकार, जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्न आगामी आर्थिक वर्षभित्र कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक तयार गरी कर्णाली प्रदेशसभामा पेस गरिनेछ।	१.	६.२५	
९	२०५. प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरी बेरुजु फर्स्यौटको लागि लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाइनेछ। आगामी आर्थिक वर्षमा अत्यावश्यक बाहेक थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ संरचनाहरू स्थापना गरिने छैन।	१.	६.२५	
१०	२०६. वित्तीय जोखिम (फिडुसियरी रिक्स) र वित्तीय श्राव (फिस्कल ब्लिडिङ) नियन्त्रण गरी वित्तीय सुशासन कायम गर्नका लागि कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।	१.	६.२५	
११	२०७. पन्ध्र लाख भन्दा बढी लागत अनुमानका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा स्थानीय तहमा उपभोक्ता समिति दर्ता गरी स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छु। यसबाट विद्यमान उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा रहेका विकृति, विसङ्गति तथा वित्तीय सुशासन जोखिम न्यून हुने विश्वास लिएको छु।	१.	६.२५	
१२	२०८. पर्याप्त स्रोतको उपलब्धता बिना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने प्रवृत्तिको अन्त्य गरिनेछ। स्रोत सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम चारगुणा भन्दा बढ़ी नहुने गरी बढीमा तीन वर्षको लागि स्रोतको सहमति दिने गरी मापदण्डको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।	१.	६.२५	
१३	२०९. स्रोत सहमति प्रदान गरेको मितिले ६ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः खारेज भएको मानिनेछ। यस अघि सहमति दिइएका मध्ये छ महिना पूरा भइ हालसम्म बोलपत्र आहवान नभएका तथा आगामी वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाहरूको स्रोत सुनिश्चितता सहमति यसै बजेटमार्फत खारेज गरेको छु।	०.५	३.१२५	बजेट वक्तव्यमार्फत व्यवस्था भएको भएपनि पुर्ण कार्यान्वयन नभएको
१४	२१०. प्रदेशभित्रका आयोजना कार्यान्वयनका लागि बजेट विनियोजन भएका आयोजनाको पहिलो चौमासिक अवधिभित्र खरिद प्रक्रिया सुरू गरिसक्नु पर्नेछ। सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्न सकिनेछ। तोकिएका लक्ष्य समयमा नै हासिल गर्ने निकायलाई पुरस्कृत गर्ने र नगर्नेलाई दण्डित गर्ने नीति अवलम्बन गरिनेछ।	०.५	३.१२५	बजेट वक्तव्यमार्फत व्यवस्था भएको भएपनि पुर्ण कार्यान्वयन नभएको

१५	२११. बजेटमा विनियोजन कुशलता कायम गरी कार्यान्वयनप्रति जवाफदेही बनाउन मन्त्रालयमा एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुका साथै रकमान्तर तथा कार्यकम संशोधन गर्ने प्रवृत्तिमा सुधार ल्याइनेछ। आगामी आर्थिक वर्षको असोज महिनासम्म एवम् असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। कुनै एक स्थानीय तहमा हस्तान्तरण भएको रकम अन्य स्थानीय तहमा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन।	१.	६.२५	
१६	२१२. ठुला र रणनीतिक महत्त्वका विकास आयोजनाहरूको कार्यान्वयनको प्रक्रियामा हुने अवरोध हटाउँदै सहजीकरण गरी तीव्रता दिन स्वतन्त्र तथा विज्ञ तेस्रो पक्ष संलग्न हुने गरी तेस्रो पक्ष मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिनेछ।	०.५	३.१२५	स्वतन्त्र तथा विज्ञ तेस्रो पक्ष संलग्न हुने गरी तेस्रो पक्ष मूल्याङ्कन पद्धति नबनेको। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सो काम भइरहेको।
कुल अंक			८७.५	

माथी प्रदेश सरकारको बजेट कार्यान्वयन प्रभावकारितका सम्बन्धमा आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा व्यक्त गरिएका प्रतिवद्धताहरु विश्लेषण गर्दा प्रदेश सरकारले सबै प्रतिवद्धताहरु कार्यान्वयन सुरु गरेको देखिन्छ। यसरी उक्त प्रतिवद्धताहरुको कार्यान्वयन स्थितिलाई स्कोरकार्डमा हेर्दा ८७.५० अंक प्राप्त गरेको छ। प्रदेश सरकारले यस आर्थिक वर्षमा बजेट कार्यान्वयन प्रभावकारीता वृद्धि गर्नका लागि गरेका बाचाहरुको कार्यान्वयन सकारात्मक देखिएको छ। तर ती वाचाहरुको सकरात्मक कार्यान्वयनका वावजुत समेत प्रदेश सरकारकझ बजेट कार्यान्वयन प्रभावकारिता बढ्न सकेको देखिएन। यसर्थ प्रदेश सरकारको बजेट विनियोजन र प्रभावकारिता कार्यान्वयनका सन्दर्भमा चुनौतीहरुको विस्तृत अध्ययन गरी ति चुनौतीलाइ सामना गर्नका लागि रणनीति बनाएर काम गर्न आवश्यक देखिन्छ।

५. बजेट समिक्षाका तथ्यहरु

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन समिक्षा अन्तर्गतका बजेट खर्चको मासिक, त्रैमासिक विश्लेषण तथा मन्त्रालयका अधिकारिहरुसँगको कुराकानीपश्चात तपशिलबमोजिमको निष्कर्षमा पुगिएको छ ।

५.१ त्रैमासिक बजेट कार्यान्वयनको अवस्थासम्बन्धी निष्कर्षहरु

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको विस्तृत विश्लेषणले वित्तीय व्यवस्थापन र विकास प्रयासहरूको प्रभावकारितामा केही चुनौतीहरू देखाएको छ । प्रस्तुत गरिएका तथ्याङ्कहरूले बजेट विनियोजन र खर्चबीचको असन्तुलन, वर्षको अन्त्यमा बजेट खर्च गर्ने प्रवृत्ति, र मन्त्रालयगत खर्च दक्षतामा भिन्नताहरू देखिएका छन् । यसको नतिजास्वरूप, प्रदेशको समग्र विकास र सेवा प्रवाहमा अपेक्षित सुधार हासिल हुन सकेको छैन ।

बजेट कार्यान्वयनको समग्र अवस्था

- आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेश सरकारले चालु बजेटको ७५.४२% कार्यान्वयन गर्दा पुँजीगत बजेट ५८.७% मात्रै कार्यान्वयन गरेको छ ।
- पुँजीगत बजेटको कम कार्यान्वयनले पूर्वाधार विकास, आर्थिक वृद्धि र रोजगारी सिर्जनामा प्रत्यक्ष नकारात्मक असर पार्छ । यसले दीर्घकालीन विकासका परियोजनाहरू सुस्त गतिमा अघि बढेको र परिणाममुखी हुन नसकेको संकेत गर्छ । चालु खर्चको बढ्दो दरले सेवा प्रवाहको निरन्तरता सुनिश्चित गरे पनि, यदि त्यो विकास खर्चको परिपूरक नभएमा यसको उपादेयतामाथि नै प्रश्नचिह्न खडा हुन्छ ।
- पुँजीगत बजेट कार्यान्वयनमा आर्थिक वर्ष २०८०/८१ (५४.६७%) को तुलनामा केही सुधार देखिए पनि, २०७९/८० (६४.५४%) र २०७८/७९ (६०.०३%) को तुलनामा भने कमजोर प्रदर्शन रहेको छ । यसले बजेट कार्यान्वयनको दक्षतामा संरचनात्मक सुधार हुन नसकेको देखाउँछ । पुरानै प्रवृत्ति दोहोरिनुले बजेट तर्जुमा र कार्यान्वयन प्रक्रियामा देखिएका समस्याहरूको समाधानका लागि प्रभावकारी कदम चाल्न नसकिएको बुझिन्छ, जसले प्रदेशको विकास गतिमा अवरोध सिर्जना गर्छ ।

मासिक र त्रैमासिक बजेट खर्चको प्रवृत्ति

- बजेट खर्चको प्रवृत्तिलाई हेर्दा वर्षको अन्तिम चरणमा, विशेषगरी चौथो त्रैमासिक र असार महिनामा, बजेटको ठूलो हिस्सा खर्च भएको देखिन्छ । चालु खर्चमा समेत जेठ र असारमा अस्वाभाविक वृद्धि देखिएको छ ।
- 'वर्षको अन्त्यमा बजेट सिध्याउने' प्रवृत्तिले योजनाको गुणस्तर, कामको प्रभावकारिता र पारदर्शितामा गम्भीर प्रश्न उठाउँछ । हतारमा गरिएका खर्चले गुणस्तरहीन काम, अनियमितता र स्रोतको दुरुपयोग हुन सक्ने सम्भावना बढाउँछ ।
- साउन जस्ता महिनामा अत्यन्त न्यून खर्च हुनुले योजनाबद्ध तरिकाले काम सुरु नगरिएको र ढिलासुस्तीले गर्दा समयमै काम सम्पन्न हुन नसकेको प्रस्ट पार्छ । यसले विकास परियोजनाहरूको दीर्घकालीन दिगोपना र प्रतिफलमा नकारात्मक असर पार्छ ।

- चालु खर्चमा अन्तिममा अस्वाभाविक वृद्धि हुनुले सरकारसँग खर्च गर्ने क्षमता भए पनि तत्परता र सक्रियताको अभाव रहेको स्पष्ट संकेत गर्छ।

मन्त्रालयगत खर्च स्थिति

- चालु खर्चमा आन्तरिक मामिला तथा कानून मन्त्रालय (९८.५%) र मुख्य न्यायाधिवक्ताको कार्यालय (९२.६९%) ले उच्च कार्यान्वयन दर देखाए। यद्यपि, आन्तरिक मामिला मन्त्रालयको अधिकांश खर्च अन्तिम त्रैमासिकमा हुनुले यसको प्रभावकारितामाथि प्रश्न उठ्छ।
- पुँजीगत बजेटमा मुख्य न्यायाधिवक्ताको कार्यालयले ९८.२४% तेस्रो त्रैमासिकमा खर्च गर्नु र आर्थिक मामिला तथा योजना मन्त्रालयले ९६.२९% कार्यान्वयन गर्नुले उनीहरूको लक्ष्य प्राप्तिमा जोड दिएको देखाउँछ, तर खर्चको समयसीमाको केन्द्रीकरण भने समस्याको रूपमा रहन्छ।
- भूमि व्यवस्थापन, कृषि र सहकारी मन्त्रालय (६९.२४%), जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय (६७.३६%), कर्णाली प्रदेश योजना आयोग (६५.०९%) र विशेषगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (४८.४५%) ले चालु खर्चमा कमजोर प्रदर्शन गरे। पुँजीगत खर्चमा पनि भौतिक पूर्वाधार विकास मन्त्रालय (५७.०५%) ले कमजोर प्रदर्शन गर्‍यो।
- मन्त्रालयगत खर्च दक्षतामा देखिएको भिन्नताले समग्र बजेट कार्यान्वयनमा असर पारेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालय जस्ता ठूलो बजेट भएका मन्त्रालयहरूको कमजोर प्रदर्शनले समग्र पुँजीगत खर्चलाई नकारात्मक रूपमा प्रभावित पारेको छ। यसले केही मन्त्रालयहरूमा योजना, कार्यान्वयन र अनुगमनको क्षमतामा गम्भीर कमी रहेको देखाउँछ। स्रोत विनियोजन सही भए पनि कार्यान्वयन क्षमताको अभावले नतिजा आउन सकेको छैन।
- शून्य खर्च रिपोर्ट गर्ने 'अर्थ - वित्तीय व्यवस्था' र 'अर्थ - विविध' शीर्षकहरूले रिपोर्टिङको अभाव वा गतिविधि सुरु गर्न पूर्ण असफलतालाई संकेत गर्छ, जसले वित्तीय अनुशासनमा प्रश्नचिह्न खडा गर्छ।

प्रतिबद्धता कार्यान्वयन

- प्रदेश सरकारले वजेट कार्यान्वयन प्रभावकारिता वृद्धिका लागि आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा गरेका १६ वटा प्रतिबद्धताहरूमध्ये सबैको कार्यान्वयन सुरु भएको र ८७.५० अंक प्राप्त हुनु सकारात्मक पक्ष हो। यसले सरकारले नीतिगत रूपमा आफ्ना वाचा पूरा गर्ने प्रयास गरेको देखाउँछ।
- तर, यी सकारात्मक प्रतिबद्धताका बाबजुद बजेट कार्यान्वयनको समग्र प्रभावकारिता बढ्न नसक्नु विरोधाभासपूर्ण छ। यसले नीति निर्माण र कार्यान्वयनबीचको खाडललाई उजागर गर्छ। नीतिहरू राम्रा बने पनि, तिनलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन संस्थागत क्षमता, समन्वय र प्रक्रियागत सुधारको खाँचो रहेको स्पष्ट हुन्छ।

५.२ चुनौतीहरु

कर्णाली प्रदेश सरकारको बजेट कार्यान्वयनमा देखिएका चुनौतीहरूलाई विस्तृत रूपमा तल उल्लेख गरिएको छ:

१. बजेट कार्यान्वयनको समय व्यवस्थापन:

- आर्थिक वर्ष साउन १ गतेबाट सुरु भए पनि, बजेट कार्यान्वयनको वास्तविक प्रक्रिया ढिलो गरी सुरु हुन्छ । प्रारम्भिक १५ दिन अघिल्लो आर्थिक वर्षको समीक्षामा बित्छ, जसमा सबै कर्मचारी तथा अधिकारीहरू व्यस्त रहने गर्छन् । यस अवधिमा नयाँ बजेटको कार्यान्वयन प्रक्रिया अघि बढ्दैन । यसले वर्षको सुरुबाटै कामको गति सुस्त बनाउँछ ।
- दशैं-तिहार जस्ता लामो चाडपर्वहरूमा कर्मचारीहरू बिदामा बस्ने र 'दशैंपछि गरौंला' भन्ने प्रवृत्तिले बजेट कार्यान्वयन प्रक्रियालाई थप ढिलाइ गर्छ । यसका कारण मंसिरबाट मात्रै प्रक्रियाहरूले गति लिन्छन् ।
- कर्णाली प्रदेशका हिमाली जिल्लाहरूमा मंसिरदेखि फागुनसम्म हिउँ र अत्यधिक चिसोका कारण निर्माण तथा अन्य काम गर्न असहज हुन्छ । यसले गर्दा यस अवधिमा काम हुन नसकी बजेट खर्च थप पछाडि धकेलिन्छ ।
- उल्लिखित ढिलाइहरूको प्रत्यक्ष परिणाम स्वरूप, पुँजीगत र चालु दुवै बजेटको ठूलो हिस्सा आर्थिक वर्षको अन्तिम त्रैमासिक (विशेषगरी चैतदेखि असारसम्म) र असार महिनामा मात्रै खर्च हुन्छ । यो 'वर्षको अन्त्यमा बजेट सिध्याउने' प्रवृत्तिले कामको गुणस्तरमा सम्झौता, अनियमितता र स्रोतको दुरुपयोगको सम्भावना बढाउँछ ।

२. प्रक्रियागत र कानुनी जटिलताहरू:

- ठेक्का सम्झौता प्रक्रियामा ४५ देखि ७० दिनसम्म लाग्ने लामो अवधिलाई अधिकारीहरुले एउटा बाधाका रूपमा औंल्याएका छन् । यो लामो प्रक्रियाले गर्दा आयोजनाहरू समयमै सुरु हुन सक्दैनन् ।
- सूचना प्रविधिको विकास भइसकेको वर्तमान युगमा पनि सूचना प्रकाशनमा १५ देखि ३० दिनसम्मको अनावश्यक समय खर्च हुन्छ । यसलाई ७-१० दिनमा घटाउन सकिने अवस्था छ । शिलबन्दी दरभाउ पत्र (sealed bid) मार्फत गरिने खरिदमा तीनवटा फर्मको आवेदन नआएमा पुनः सूचना निकालेर प्रक्रिया दोहोर्‍याउनुपर्ने बाध्यताले थप ढिलाइ सिर्जना गर्छ ।
- खरिद कानुनहरूमा रहेको कठोरता र सिधै खरिदको सीमामा पर्याप्त लचकताको अभावले समयमै सानातिना खरिद तथा मर्मत सम्भारका कामहरू गर्न बाधा पुर्‍याउँछ । यसले गर्दा बजेट कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ ।
- बहुवर्षीय योजनाहरूको म्याद थप प्रक्रिया र सम्झौता लगायतका प्रशासनिक कार्यहरू आर्थिक वर्षको सुरुमै सम्पन्न नहुनु । यी प्रक्रियाहरू पूरा गर्दागर्दै आर्थिक वर्ष सकिनै लाग्ने र बजेट खर्च नभइ अर्को वर्षलाई दायित्व सिर्जना हुने गरेको छ ।

३. अन्तर-सरकारी समन्वय र योजना छनोटमा कमजोरी:

- प्रदेश सरकार र स्थानीय सरकारबीच आयोजना निर्माण तथा कार्यान्वयनमा कमजोर समन्वय रहेको छ । यसले परियोजना दोहोरोपन र अनावश्यक खर्च बढाउँछ ।
- प्रदेश सरकारले स्थानीय तहलाई पठाउने सशर्त र समपूरक अनुदान समयमै पठाउन नसक्दा स्थानीय तहबाट हुने

खर्चमा ढिलाइ हुन्छ र त्यसको असर समग्र बजेट कार्यान्वयनमा पर्छ।

- स्थानीय तहको वास्तविक आवश्यकता (माग) भन्दा पनि प्रदेश सरकार वा सांसदहरूको पहलमा (पूर्तिमा आधारित) योजनाहरू छनोट गर्दा स्थानीय तहले ती योजनाहरूको अपनत्व लिन नसकेको गुनासो छ। यसले कार्यान्वयनमा बाधा पुर्याउँछ।
- बजेट निर्माणदेखि नै आयोजनाको प्रभावकारिता र उपादेयतामाथि पर्याप्त अध्ययन नगरी हतारमा बजेट विनियोजन गर्ने प्रचलन छ। आयोजनाको पूर्व तयारीका सम्पूर्ण चरणहरू (जस्तै: वातावरणीय प्रभाव मूल्यांकन, जग्गा अधिग्रहण, विस्तृत परियोजना प्रतिवेदन) पूरा नगरी योजना छनोट गरिँदा कार्यान्वयनमा समस्या आउँछ।
- प्रदेश र स्थानीय तहको **एकीकृत आयोजना बैङ्क** र आयोजना व्यवस्थापन प्रणालीको अभावले परियोजना छनोटमा पारदर्शिता र दक्षताको कमी हुन्छ।

४. संस्थागत र व्यवस्थापकीय कमजोरीहरू:

- साउनदेखि कार्तिकसम्म कर्मचारी र मन्त्रालय/निकायहरूको सक्रियतामा कमी आउनु।
- कर्मचारीहरूको कार्य विभाजन स्पष्ट नहुँदा सबै एकैपटक एउटै काममा लाग्ने र अन्य महत्त्वपूर्ण कामहरूमा ध्यान नपुग्ने समस्या।
- सामान खरिद भएको भए पनि अन्तिममा मात्र भुक्तानी गर्ने प्रवृत्तिले चालु खर्चलाई अन्तिम त्रैमासिकमा केन्द्रित गर्छ।
- आयोजना लिएर होल्ड गर्ने, कार्यसम्पन्न गर्नमा इमानदारीता नदेखाउने र राजनीतिक दलहरूसँगको मिलेमतोमा यस्ता समस्याहरू सिर्जना हुने प्रवृत्तिले बजेट कार्यान्वयनमा बाधा पुर्याउँछ।
- सरकार परिवर्तन वा राजनीतिक दलहरूको सत्तामा हुँदा र नहुँदा बजेट तथा परियोजना निर्माण र कार्यान्वयनको प्राथमिकतामा परिवर्तन आउँदा योजनाहरूको निरन्तरतामा बाधा पुग्छ।
- समस्याग्रस्त ठेक्काहरूलाई समयमै खारेज गरी नयाँ प्रक्रिया अघि बढाउन नसक्दा बजेट फ्रिज हुने समस्या।

५. अन्य प्राविधिक र आन्तरिक चुनौतीहरू:

- 'अर्थ-विविध' (Financial Miscellaneous) जस्ता शीर्षकमा ठूलो बजेट राख्ने प्रवृत्तिले बजेट कार्यान्वयन दर घटाएको छ, किनकि यस्ता बजेटहरूको स्पष्ट खर्च गर्ने आधार हुँदैन। (यद्यपि पछिल्ला वर्षहरूमा यो बजेट घटाउँदै लगिएको सकारात्मक पक्ष हो)।
- बिडिङमार्फत विनियोजित बजेटभन्दा कममा ठेक्का सम्झौता हुने हुँदा वास्तविक बजेट खर्च कम देखिएको छ, जसले बजेटको प्रतिशतमा प्रभाव पारेको छ।
- आयोजना स्थलमा स्थानीय जनता वा सरोकारवालाहरूको विवादका कारण निर्माण कार्यहरू अवरुद्ध हुनु र योजना कार्यान्वयनमा ढिलाइ हुनु।
- आवधिक योजनामा राम्रोसँग तयारी गरी लक्षित गरिएका सूचकहरू पुरा गर्नमा बजेटलाई केन्द्रित गर्न नसक्नु।

६. सुझावहरु

कर्णाली प्रदेश सरकारको बजेट कार्यान्वयनमा सुधारका लागि निम्न सुझावहरूलाई छोटो, मध्यम र दीर्घकालीन अवधिका आधारमा वर्गीकरण गरिएको छ:

१. छोटो अवधिमा कार्यान्वयन गर्न सकिने सुझावहरू

सुझाव	तर्क	जिम्मेवार निकाय
बजेट कार्यान्वयनको थालनी साउनदेखि नै सक्रिय रूपमा गर्ने।	साउनमा अघिल्लो वर्षको समीक्षामा मात्र समय बित्ने र दशैं-तिहारसम्म काम निष्क्रिय हुने प्रवृत्तिले वर्षको अन्त्यमा बजेट खर्चको दबाब बढाउँछ। साउनबाटै काम सुरु गर्दा वर्षभरि समानुपातिक खर्च गर्न सकिन्छ।	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सबै विषयगत मन्त्रालयहरू।
ई-बिडिङ (e-bidding) प्रक्रियालाई अनिवार्य गर्ने र सूचना प्रकाशनको अवधि घटाउने।	ई-बिडिङले पारदर्शिता बढाउँछ र प्रक्रियागत ढिलाइ कम गर्छ। सूचना प्रविधिको प्रयोग गरी सूचना प्रकाशनको अवधि ७-१० दिनमा झार्न सकिन्छ।	सार्वजनिक खरिद अनुगमन कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सबै विषयगत मन्त्रालयहरू।
साना आयोजना (५० लाखभन्दा कम) हरूलाई चैत-बैशाखभन्दा अगाडि नै सम्पन्न गर्ने नीति लिने।	ससाना आयोजनाहरूलाई वर्षको सुरुमै वा छिट्टै सम्पन्न गर्दा ठूला आयोजनाका लागि अन्तिम समयमा दबाब कम हुन्छ र समग्र पुँजीगत खर्च बढ्छ।	सबै विषयगत मन्त्रालयहरू, स्थानीय तहहरू।
चालु खर्चको भुक्तानी प्रणालीलाई छिटो र पारदर्शी बनाउने।	सामान खरिद र सेवा प्रवाहपछि भुक्तानीमा ढिलाइ नगर्ने प्रवृत्तिले चालु खर्चलाई अन्तिममा मात्रै केन्द्रित गर्छ। छिटो भुक्तानीले आपूर्तिकर्तालाई प्रोत्साहन मिल्छ।	आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै विषयगत मन्त्रालयहरू।
समस्याग्रस्त ठेक्काहरूलाई समयमै खारेज गर्ने र वैकल्पिक व्यवस्था गर्ने।	विवादित वा निष्क्रिय ठेक्काहरूलाई समयमै खारेज गरी नयाँ प्रक्रिया सुरु गर्दा बजेट फ्रिज हुनबाट जोगिन्छ र कामले निरन्तरता पाउँछ।	सार्वजनिक खरिद अनुगमन कार्यालय, सम्बन्धित विषयगत मन्त्रालयहरू।

२. मध्यम अवधिमा कार्यान्वयन गर्न सकिने सुझावहरू (१-३ वर्ष)

सुझाव	तर्क	जिम्मेवार निकाय
खरिद कानुनमा लचकता र समयसापेक्षताका लागि आवश्यक संशोधन प्रक्रिया सुरु गर्ने।	खरिद कानुनमा रहेका कठोरताले समयमै काम गर्न बाधा पुर्याउँछ। सिधा खरिदको सीमालाई व्यावहारिक बनाउनुपर्छ, जसले गर्दा साना र तत्काल आवश्यक खरिदहरू छिटो गर्न सकिन्छ।	प्रदेश व्यवस्थापिका, आर्थिक मामिला तथा योजना मन्त्रालय, कानुन मन्त्रालय।
बहुवर्षीय योजनाको पूर्व तयारी र सम्झौता प्रक्रियालाई वर्षको सुरुमै सम्पन्न गर्ने।	बहुवर्षीय योजनाहरूको म्याद थप र सम्झौता प्रक्रिया आर्थिक वर्षको सुरुमै सम्पन्न गर्दा वर्षभरि काम गर्न पर्याप्त समय मिल्छ र अन्तिममा दायित्व सिर्जना हुने समस्या घट्छ।	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित विषयगत मन्त्रालयहरू।
प्रदेश र स्थानीय तहबीचको समन्वय संयन्त्रलाई मजबुत बनाउने।	नियमित बैठक, समन्वय समिति गठन र संयुक्त कार्यदल बनाएर योजना छनोट तथा कार्यान्वयनमा दोहोरोपन हटाउनुका साथै प्रभावकारिता बढाउन सकिन्छ।	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय सरकार, स्थानीय तहका संघ/संगठनहरू।
स्थानीय तहलाई सशर्त र समपूरक अनुदान समयमै हस्तान्तरण गर्ने।	प्रदेशले स्थानीय तहलाई पठाउने रकम समयमै उपलब्ध गराउँदा स्थानीय तहबाट हुने खर्चमा ढिलाइ हुँदैन र समग्र विकास कार्यले गति लिन्छ।	आर्थिक मामिला तथा योजना मन्त्रालय।
नतिजामुखी बजेट प्रगति विवरण प्रणाली लागू गर्ने र इन्डिकेटरवाइज समीक्षा गर्ने।	बजेटको खर्च प्रतिशत मात्र नभई आयोजनाको भौतिक प्रगति र लक्षित नतिजा प्राप्त भए/नभएको आधारमा समीक्षा गर्दा बजेटको प्रभावकारिता मापन गर्न सकिन्छ।	आर्थिक मामिला तथा योजना मन्त्रालय, सबै विषयगत मन्त्रालयहरू।
अर्थ-विविध (Financial Miscellaneous) शीर्षकको बजेटलाई घटाउँदै लैजाने र विनियोजनलाई अझ स्पष्ट बनाउने।	यो शीर्षकमा बजेट राख्ने प्रवृत्तिले खर्चको अस्पष्टता बढाउँछ र कार्यान्वयन दरमा नकारात्मक असर पार्छ।	आर्थिक मामिला तथा योजना मन्त्रालय।

३. दीर्घकालमा कार्यान्वयन गर्न सकिने सुझावहरू (३ वर्षभन्दा बढी समय लाग्ने तर संरचनात्मक परिवर्तन ल्याउने)

सुझाव	तर्क	जिम्मेवार निकाय
एकीकृत प्रदेश र स्थानीय तह आयोजना बैंक तथा व्यवस्थापन प्रणाली विकास गर्ने।	यसले परियोजना छनोटमा पारदर्शिता ल्याउँछ, दोहोरोपन हटाउँछ, र प्रदेशको समग्र आवश्यकतामा आधारित रहेर प्राथमिकता निर्धारण गर्न मद्दत गर्छ।	प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तहहरू।
बजेट निर्माण प्रक्रियामै सुधार र वैज्ञानिक विनियोजन प्रणाली लागू गर्ने।	आयोजनामा बजेट विनियोजन गर्नुअघि त्यसको प्रभावकारिता, उपादेयता र वातावरणीय तथा सामाजिक प्रभावको गहन अध्ययन गर्ने। यसले खर्चको दक्षता र नतिजामुखीता बढाउँछ।	प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय।
कर्मचारीको क्षमता अभिवृद्धि र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने।	कर्मचारीहरूको नियमित तालिम, दक्षता विकास र कार्यसम्पादन मूल्याङ्कनका आधारमा प्रोत्साहन तथा दण्डको व्यवस्था गर्दा उनीहरूको सक्रियता र जवाफदेहीता बढ्छ।	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रशिक्षण केन्द्र, लोक सेवा आयोग।
राजनीतिक नेतृत्वको दीर्घकालीन प्रतिबद्धता र विधि निर्माणमा जोड दिने।	राजनीतिक दलहरूले सत्तामा हुँदा वा नहुँदा बजेट तथा परियोजना निर्माण र कार्यान्वयनमा एउटै विधि र दीर्घकालीन दृष्टिकोण अपनाउने प्रतिबद्धता जनाउनुपर्छ। यसले योजनाहरूको निरन्तरता सुनिश्चित गर्छ।	प्रदेश सरकार, राजनीतिक दलहरू, प्रदेश सभा।
भौगोलिक आवश्यकता र गेम चेन्जिङ परियोजनामा लगानी गर्ने।	कर्णाली प्रदेशको विशिष्ट भौगोलिक अवस्था र सम्भावनालाई ध्यानमा राखी 'गेम चेन्जिङ' परियोजनाहरू (जस्तै: पर्यटन पूर्वाधार, जलविद्युत, कृषि आधुनिकीकरण) मा लगानी केन्द्रित गर्ने।	प्रदेश योजना आयोग, सम्बन्धित विषयगत मन्त्रालयहरू।
निर्माण व्यवसायीको जवाफदेहीताका लागि नीतिगत सुधार र प्रोत्साहन:	ठेक्का दिँदा कम मूल्य मात्र नभई ठेकेदारको विगतको ट्र्याक रेकर्ड, सेवाको गुणस्तर, र प्राविधिक क्षमतालाई पनि महत्त्व दिने नीति बनाउने। इमानदार निर्माण व्यवसायीलाई प्रोत्साहन गर्ने।	भौतिक पूर्वाधार विकास मन्त्रालय।

७. निष्कर्ष

यस अध्ययनले कर्णाली प्रदेशको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको अवस्थालाई गहिराइमा विश्लेषण गर्दा स्पष्ट हुन्छ कि स्रोतको अधिकतम उपयोग र विकासको अपेक्षित गति हासिल गर्न अझै ठूलो सुधार आवश्यक छ। पुँजीगत खर्चमा न्यूनता, वर्षको अन्त्यतर्फ बजेट खर्चको अत्यधिक एकाग्रता, मन्त्रालयगत कार्यान्वयन दक्षतामा असमानता, र प्रक्रियागत जटिलताहरूले समग्र वित्तीय अनुशासन र परिणाममुखी विकासलाई कमजोर पारेका छन्।

यद्यपि, सरकारले गरेका नीतिगत प्रतिबद्धताहरू सकारात्मक पक्षका रूपमा देखिए पनि, तिनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत क्षमता, पारदर्शिता, समयमै योजना कार्यान्वयन, अन्तर-तह समन्वय, र जवाफदेहितामा ठोस सुधार आवश्यक देखिन्छ।

अध्ययनमा प्रस्तुत व्यावहारिक तथा नीतिगत सुझावहरूलाई कार्यान्वयनमा ल्याउन सके, बजेटको दक्षता र प्रभावकारिता दुवैमा गुणात्मक सुधार हुनेछ, जसले कर्णालीको दीर्घकालीन आर्थिक वृद्धि, सेवा प्रवाह, र जनकल्याणमा महत्वपूर्ण योगदान पुर्याउनेछ।

बजेट कार्यान्वयन असारमा वा अन्तिम त्रैमासिकमा हुनु भुक्तानीमा हुने ढिलाई समेत एक प्रमुख कारण हो। पुँजीगत आयोजनाहरुको किस्ता-किस्तामा हुने भुक्तानी र काम सम्पन्न भएपश्चात हुने भुक्तानीले र चालु खर्चको समेत अन्तिम समयमा एकैपटक भुक्तानी हुँदा अन्तिम त्रैमासिकमा धेरै बजेट खर्च भएको देखियो। असारमा वा अन्तिम त्रैमासिकको पुँजीगत बजेट खर्च नै उक्त अवधिमा कार्यान्वयन सुरु भएको नभइ अगाडीदेखि कार्यान्वयन सुरु भएपनि भुक्तानी उक्त अवधिमा भएको देखिन्छ।

बजेट कार्यान्वयनको परिणाम ठुलो मात्रै उपलब्धी होइन त्यसको नतिजा र परिणामलाई हेरी प्रदेश सरकारले वार्षिक समिक्षा गर्न आवश्यक देखिन्छ।

अनुसुचीहरु:

१. बजेट स्कोरकार्ड विधि

यस स्कोरकार्डमा कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा प्रस्तुत गरेका कर्णाली प्रदेश सरकारको बजेट कार्यान्वयन प्रभावकारिता सम्बन्धी १६ वटा प्रतिवद्धताको वास्तविक कार्यान्वयन स्थिति अध्ययन गरिएको छ । जसलाई कुल १६ वटा प्रतिवद्धताहरुलाई कुल अंकभार १०० प्रतिशत मानी हरेकको कुल अंकभार ०.०६२५ (वा ६.२५%) कायम गरिएको छ । प्रारम्भिक अंकको रुपमा उक्त प्रतिवद्धता कार्यान्वयन सुरु नभएको भए शून्य, कार्यान्वयन सुरु भएको भए ०.५ र पुरा भएको भए १ अंक दिइएको छ । ती प्रतिवद्धताहरुको कार्यान्वयनको स्थितिसम्बन्धी जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट लिइएको छ ।

हामीसँग १६ वटा प्रतिबद्धताहरू भएकाले, प्रत्येक प्रतिबद्धताले १/१६ = ०.०६२५ (वा ६.२५%) भार पाउँछ । भारित स्कोरमा पुग्न हामी प्रारम्भिक स्कोरलाई यो प्रतिबद्धता भारले गुणन गर्छौं ।

- ❖ त्यसैले, यदि सरकारले केहि पूरा गरेको छ भने, यो १ >> १*०.०६२५ >> ०.०६२५ हो;
- ❖ यदि यो प्रगतिमा रहेको कार्य हो भने, यो ०.५ >> ०.५*०.०६२५ >> ०.०३१२५ हुनेछ;
- ❖ र यदि यो सुरु भएको छैन भने, यो ० >> ०*०.०६२५ >>० हुनेछ...

सबै भारित अंकहरुको योगफल कर्णाली प्रदेश सरकारको बजेट वक्तव्यमा गरिएको बजेट प्रभावकारीता सम्बन्धी प्रतिवद्धताहरुको विश्लेषण गरिएको त्रैमासिकको अन्त्यसम्मको अन्तिम अंक हुनेछ । यसरी, सम्भावित पूर्ण अंक १, वा १००% हुनेछ । अर्थात् प्रदेश सरकारले आर्थिक वर्षको अन्त्य अर्थात् चौथो त्रैमासिकको अन्त्यसम्म १०० प्रतिशत अंक हासिल गरेमा पूर्ण रुपमा प्रतिवद्धता कार्यान्वयन भएको मानिनेछ ।